१६२

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ५/२०७१/०७२

रामेछाप जिल्ला पुराना गाँउ बडा नं. ५ स्थायी घर भई हाल काठमाण्डौ बस्ने ज्ञानेन्द्र राज आरण ......१ निवेदक
दाङ जिल्ला लक्ष्मीपुर गा.वि.स. वडा नं. ९ स्थायी घर भई हाल काठमाण्डौ बस्ने मेघ प्रसाद खरेल ..१

**विरूद्ध**

कार्यालय प्रमुख, कर्मचारी प्रशासन महाशाखा, त्रि.वि., किर्तिपुर, काठमाडौं ............................१ विपक्षी
सूचना अधिकारी, कर्मचारी प्रशासन महाशाखा, त्रि.वि., किर्तिपुर, काठमाडौं.............................१

विषय :- लगत कट्टा सम्बन्धमा ।

रामेछाप जिल्ला पुराना गाँउ बडा नं. ५ स्थायी घर भई हाल काठमाण्डौ बस्ने ज्ञानेन्द्र राज आरण र दाङ जिल्ला लक्ष्मीपुर गा.वि.स. वडा.नं. ९ स्थायी घर भई हाल काठमाण्डौ बस्ने मेघ प्रसाद खरेलले कर्मचारी प्रशासन महाशाखा, त्रि.वि., किर्तिपुर, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।४।१२ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०४।२० को आदेश कार्यान्वयनका लागि मिति २०७१।०४।२०, च.नं. १०२/७२ बाट पत्राचार भएको । निवेदकहरुले मिति २०७१।०५।१३ मा आदेश कार्यान्वयन नभएको भनी पुनः निवेदन गरेकोले यस आयोगबाट मिति २०७१।०७।२१ मा भएको ताकेता बमोजिम रजिष्ट्रारको कार्यालय किर्तिपुरको मिति २०७१।०८।१८, च.नं. १७१३ को पत्रबाट करार वा आँशिकमा रहेको यकिन विवरण मातहतका निकायहरुबाट संकलन गर्न सबै कार्यालयलाई सहयोग गर्न पत्राचार गरी निवेदकहरुलाई बोधार्थ दिएको भन्ने जानकारी यस आयोगलाई गराएको हुँदा पछि निवेदकहरुले सूचना पाइन भनी आएका बखत आयोगबाट थप कारवाही प्रकिया अगाडि वढाइने नै हुँदा हाल यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल जेठ २८ गते रोज ५ शुभम् ।